Administrative Appeals Tribunal

Migration & Refugee Division

# आप्रवास समीक्षा प्रक्रिया - एमआर (MR) डिभिजन

हामी *आप्रवास ऐन १९५८ (Migration Act 1958)* अन्तर्गत मन्त्री वा अधिकारीहरू जो गृह मामिला विभाग (Department of Home Affairs) का मन्त्रीका प्रतिनिधिहरू हुन् उनीहरूले गरेका निर्णयहरूको समीक्षा गर्नसक्ने अधिकार भएको एक वैधानिक निकाय हौं।

भिसाका बारेमा निर्णयको समीक्षा सञ्चालन गर्दा, हामीले मुद्दालाई नयाँ मामिलाको रूपमा विचार गर्नेछौँ र समीक्षामा रहेको निर्णयलाई परिवर्तन गर्ने अधिकार हामीसँग रहनेछ।

*आप्रवास ऐन १९५८ (Migration Act 1958)* र *आप्रवास नियमहरू १९९४ (Migration Regulations 1994)* ले हामीले समीक्षा गर्नसक्ने निर्णयहरू निर्दिष्ट गर्दछन्, कसले निर्णयको समीक्षा माग्न सक्दछ, समीक्षाको लागि आवेदन कसरी तयार गर्नुपर्दछ, समीक्षाको लागि आवेदनहरू दर्ता गर्नुपर्ने समयसीमा, र तिर्नुपर्ने आवेदन शुल्कको तय गर्छन्।

कुनै निश्चित निर्णयको समीक्षा कसले माग्न सक्दछ, लागू हुनसक्ने समय सीमा, र कुनै शुल्क तिर्नु पर्छ को पर्दैन भन्ने बारेका नियमहरू  निर्णयको प्रकार र कुनै व्यक्ति आप्रवासन हिरासतमा छ कि छैन भन्ने आधारमा फरक हुन्छ । हामीसँग अपवाद बनाउने अधिकार छैन।

## समीक्षाको लागि कसले आवेदन दिन सक्छ?

विभागले पठाएको निर्णयपत्रले सो निर्णय हामीबाट समीक्षा हुन सक्छ कि र कसले समीक्षाको लागि आवेदन दिनसक्छ भनेर वर्णन गर्नुपर्छ।

समीक्षाको लागि आवेदन दिन सक्ने अधिकार भएका व्यक्तिले गरेको समीक्षाको आवेदन मात्र हामी स्वीकार गर्न सक्दछौं। केही अवस्थाहरूमा समीक्षाका लागि आवेदन दिन सक्ने एक मात्र व्यक्ति भिसा आवेदक वा पूर्व भिसाधारक हो। अन्य मुद्दाहरूमा यो प्रायोजक वा नजिकको आफन्त हुन सक्छ। केही अवस्थाहरूमा समीक्षा आवेदक निर्णयको समयमा वा समीक्षाको लागि आवेदन दर्ता गरिएको समयमा वा दुवैमा अष्ट्रेलियामा रहेको हुनुपर्दछ। हामी व्यक्तिगत परिस्थितिमा सल्लाह दिन सक्दैनौं; तथापि तपाईंले यी मुद्दाहरूमा दर्तावाल माइग्रेसन एजेन्ट, कार्यरत प्रमाणपत्र भएका अष्ट्रेलियन वकिल वा अन्य आप्रवासी सहायता प्रदायकबाट सल्लाह लिन सक्नुहुन्छ। थप जानकारीको लागि कृपया तल उल्लेखित 'के मैले मेरो आवेदनको लागि सहयोग लिनु पर्छ?' ('Should I seek assistance with my application?') हेर्नुहोस् ।

## समीक्षाको लागि तपाईंको आवेदन गर्नका लागि समय सीमा

विभागले पठाएको निर्णयपत्रले हामीलाई आवेदन दिनका लागि लागू हुने समय सीमा तोक्नु पर्छ।

यदि तपाईं समीक्षाको लागि आवेदन दिन चाहनुहुन्छ भने तपाईंले याद गर्नु पर्दछ कि हामी समयसीमा विस्तार गर्न वा समयसीमा बाहिरका आवेदनहरू स्वीकार गर्न सक्दैनौं। यदि तपाईं हुलाकबाट आवेदन दर्ता गर्दै हुनुहुन्छ भने, तपाईंले निश्चित गर्नुपर्छ कि तपाईंले समय सीमाको म्याद सकिनुअघि आवेदन पुग्नका लागि पर्याप्त समय हुन्छ।

## समीक्षाको लागि म कसरी आवेदन दिन सक्छु?

समीक्षाको लागि आवेदन दिनका लागि तपाईंले 'समीक्षाका लागि आवेदन' (‘Application for Review’) फाराम भर्नु पर्छ र आवेदन शुल्क (वा आवेदन शुल्कमा कटौतीका लागि निवेदनसँगै आवेदन शुल्कको ५०%) समय सीमाभित्र तिर्नु पर्छ। आवेदन शुल्कको बारेमा जानकारीको लागि तल हेर्नुहोस्।

आवेदन अनलाइन वा फाराम पूरा गरेर र ईमेल, हुलाक, फ्याक्स वा व्यक्तिगत रूपमा दाखिला गरेर दर्ता गर्न सकिन्छ। आप्रवासन हिरासतका आवेदकहरूले M2 फाराम प्रयोग गर्नुपर्नेछ - 'समीक्षाको लागि आवेदन - आप्रवास (अध्यागमन हिरासतमा भएका व्यक्तिहरूको लागि )'। सबै अन्य आवेदकहरूले M1 फाराम प्रयोग गर्नु पर्छ - 'समीक्षाको लागि आवेदन - आप्रवास (अध्यागमन हिरासत र संगठनहरूका व्यक्तिको लागि हैन)'। फारामहरू यस जानकारीपत्रको अन्त्यमा सूचीबद्ध हाम्रा कुनै पनि कार्यालयहरूबाट उपलब्ध छन् र हाम्रो वेबसाइटमा पनि उपलब्ध छन्।

हाम्रो कार्यालयहरूको विवरण (रेजिस्ट्रीहरू) यस कागजातको अन्त्यमा राखिएको छ। थप जानकारीको लागि कृपया तल उपलब्ध 'दाखिला गर्ने विधि' र 'सम्पर्क' खण्ड हेर्नुहोस्।

## समीक्षाको लागि संयुक्त आवेदनहरू

एउटै परिवार इकाईका सदस्यहरूले प्राय: समीक्षाको लागि आफ्ना आवेदनहरू संयुक्त बनाउन सक्दछन्। धरौटी आवश्यक्ता भएको निर्णयको समीक्षा गर्न दिइने आवेदनसँगै भिसा दिन अस्वीकार गर्ने निर्णयको समीक्षा गर्न दिइने सम्बन्धित आवेदन पनि जोडेर संयुक्त आवेदन दिन सकिन्छ। जहाँ आवेदनहरू संयुक्त बनाउन सकिन्छ, केवल एक मात्र आवेदन शुल्क भुक्तानी गरे हुन्छ र केवल एक आवेदन फाराम प्रयोग गरे पुग्छ।

## आवेदन शुल्क

अध्यागमन हिरासतमा भएका व्यक्तिहरूले ब्रिजिंग भिसा निर्णयहरूको समीक्षाका लागि दिइने आवेदनहरू बाहेक (धरौटी आवश्यक हुने कुनै पनि सम्बन्धित निर्णयलगायतका) सबै मुद्दामा शुल्क लाग्छ।

अन्य सबै मुद्दाहरूको लागि:

- आवेदन शुल्क $3,374 हो
- शुल्क ५०% ले घटाउन सकिन्छ यदि हामी विश्वस्त छौं कि पूर्ण भुक्तानीको कारणले वा सम्भावितरूपमा यसले, **समीक्षा आवेदकलाई गम्भीर आर्थिक कठिनाइ** उत्पन्न गर्न सक्छ।
- यदि हामीले तपाईंको मुद्दामा तपाईं अनुकूल निर्णय गर्छौं भने हामी पूर्ण शुल्कको ५०% फिर्ता गर्नेछौं।

एक 'शुल्क कटौतीको लागि अनुरोध - एमआर डिभिजन' फाराम (M11) तल सूचीबद्ध कुनै पनि कार्यालयमा र हाम्रो वेबसाइटमा उपलब्ध छ। M11 फाराममा सूचीबद्ध गरिएका सबै सहायक कागजात प्रमाणहरू शुल्क घटाउने आवेदनहरूको साथ दर्ता गरिनु पर्छ।

यदि तपाईं समीक्षाको लागि आफ्नो आवेदन फिर्ता लिनुहुन्छ भने, हामी सीमित परिस्थितिहरूमा केवल आवेदन शुल्क मात्र फिर्ता गर्न सक्दछौं।

## के मैले मेरो आवेदनको लागि सहयोग लिनु पर्छ?

हामी यो सुनिश्चित गर्ने उद्देश्य राख्छौँ कि समीक्षाको नतिजा कुनै व्यक्तिले व्यावसायिक सुझाव वा सहायता  लिएको या नलिएकोमा निर्भर हुँदैन। यद्यपि तपाईंले सुझाव र सहायता लिने छनौट गर्न सक्नुहुन्छ।

आप्रवास ऐनअन्तर्गत, केवल केही व्यक्तिले मात्र  'आप्रवास सहायता' उपलब्ध गराउन सक्छन्। तिनीहरूमा निम्न व्यक्तिहरू समावेश छन्:

- दर्तावाल माइग्रेसन एजेन्ट
- कार्यरत प्रमाणपत्र भएका अष्ट्रेलियन वकिल
- नजिकको परिवार सदस्य (तपाईंको पति/पत्नी, बच्चा, आमाबाबु, दाजुभाइ वा दिदीबहिनी), वा
- यदि तपाईं भिसा आवेदक हुनुहुन्छ भने मनोनयनकर्ता वा प्रायोजक।

'आप्रवास सहायता' मा AAT मा आवेदनको लागि तपाईंलाई तयार गर्न वा तपाईंलाई प्रतिनिधित्वमा मद्दत गर्न उनीहरूको ज्ञान वा अनुभवलाई अध्यागमन प्रकृयाको लागि कुनै व्यक्तिले दिने वा दिएको दावी गर्ने सहायता पर्छ।

तपाईंलाई 'अध्यागमन सहायता' को लागि शुल्क तिर्न अनुरोध गर्नसक्ने मानिसहरूमा दर्तावाल माइग्रेसन एजेन्टहरू वा कार्यरत प्रमाणपत्र भएका अष्ट्रेलियन वकिल छन्।

तपाईंको समीक्षाको लागि मद्दत पाउनेबारेमा थप जानकारी हाम्रो वेबसाइटमा [ 'सहायता' (Assistance)] पृष्ठबाट पाउन सक्नुहुन्छ।

## हामी कसरी काम गर्छौं?

हामीले गर्ने समीक्षा सुलभ, निष्पक्ष, न्यायसंगत, किफायती, अनौपचारिक, द्रुत र समानुपातिक हुन आवश्यक छ। समीक्षाको सामान्य विशेषताहरू यस्ता हुन्छन्:

- यहाँ मन्त्री र विभागको प्रतिनिधित्व हुँदैन र विभागले हामीलाई सबै कागजातहरू प्रदान गर्न आवश्यक छ जुन समीक्षा भइरहेको मुद्दासँग सम्बन्धित छन्।
- तपाईंको मुद्दाको सम्बन्धमा हाम्रीसँग रहेका कागजातहरू पहुँच पाउन वा यसको प्रतिलिपि बनाउनका लागि तपाईं हकदार हुनुहुन्छ (यद्यपि केही प्रतिबन्धहरू लागू हुन सक्छन्)।
- समीक्षाको कुनै पनि चरणमा तपाईं लिखित प्रस्तुति पेश गर्न सक्नुहुन्छ वा  कागजातजन्य प्रमाण उपलब्ध गराउन सक्नुहुन्छ। हामी चाहन्छौं सबै सामग्री सकभर इलेक्ट्रोनिक रूपमा पठाइयोस्।
- यदि तपाईं हाम्रा फारामहरूलगायत अन्य कागजातहरू हामीलाई इलेक्ट्रोनिक रूपमा पठाउनुहुन्छ भने, हुलाकद्वारा सक्कली कागजातहरू पठाउन आवश्यक छैन।
- तपाईंको मुद्दा चलाउन र तयारीमा तपाईंलाई प्रतिनिधित्व गर्न कुनै व्यक्तिको नाम (तपाईंका प्रतिनिधि) मनोनयन गर्न सक्नुहुन्छ। एक प्रतिनिधिले लिखित प्रस्तुतिहरूको पेश र कागजातजन्य प्रमाण उपलब्ध गराउन सक्दछ र तपाईंको तर्फबाट हामीलाई सम्पर्क गर्न सक्दछ। हामीद्वारा व्यवस्थित कुनै पनि बैठक वा सुनुवाइमा एक प्रतिनिधिले साथ दिन र सहयोग गर्न पनि सक्छ। हामी एक प्रतिनिधिलाई सुनुवाइको बारेमा टिप्पणी गर्न आमन्त्रित गर्न सक्छौं, तर प्रतिनिधिले असाधारण परिस्थितिमा बाहेक मौखिक प्रस्तुती दिन सक्दैन। यदि तपाईंको प्रतिनिधिले तपाईंलाई 'अध्यागमन सहायता' को लागि शुल्क तिर्न भन्यो भने, तपाईंले ती दर्तावाल माइग्रेसन एजेन्ट वा कार्यरत प्रमाणपत्र भएका अष्ट्रेलियन वकिल भएको यो सुनिश्चित गर्नुपर्दछ। थप जानकारीको लागि कृपया माथि उल्लेखित 'के मैले मेरो आवेदनको लागि सहयोग लिनु पर्छ?' (‘Should I seek assistance with my application?’) हेर्नुहोस् ।
- तपाईंको तर्फबाट पत्राचार प्राप्त गर्नका लागि तपाईंले कुनै व्यक्ति (तपाईंको आधिकारिकताप्राप्त प्रापक) लाई मनोनयन  गर्न सक्नुहुन्छ। प्रायः आवेदकहरू जसको कोहि प्रतिनिधि छन् भने उनीहरूले आफ्ना प्रतिनिधिलाई उनीहरूको अधिकारप्रदत्त प्रापकका रूपमा मनोनीत गर्छन्। यदि तपाईंले अधिकारप्रदत्त प्रापकलाई मनोनीत गर्नुहुन्छ भने सबै पत्राचारलाई त्यो व्यक्तिकहाँ पठाइनेछ र तपाईंलाई पठाइनको मानिनेछ। हामीले कुनै पनि पत्राचारको प्रति तपाईंका साथै तपाईंको अधिकारप्रदत्त प्रापकलाई पठाउने दुईवटा परिस्थितिहरू हुन्छन्। पहिलोमा यदि सो समीक्षा ब्रिजिङ् भिसा अस्वीकार वा रद्द गर्ने निर्णयसँग सम्बन्धित छ र सो निर्णयको परिणामस्वरूप तपाईं हिरासतमा ('ब्रिजिङ् भिसा (हिरासत)' मुद्दा भनिन्छ) हुनुहुन्छ भने। दोस्रोमा यदि तपाईंको प्रतिनिधि वा अधिकारप्रदत्त प्रापकको रूपमा कुनै माइग्रेसन एजेन्टलाई मनोनीत गर्नुभएको छ, र त्यो माइग्रेसन एजेन्टको दर्ता निलम्बन वा रद्द गरिएको वा म्याद नाघेको छ भने। तपाईंको प्रतिनिधि वा

अधिकारप्रदत्त प्रापकलाई हामी तपाईंको समीक्षाका बारेमा कागजातहरू पठाउने निरन्तरता दिनेछौँ जबसम्म तपाईंले त्यसो नगर्न हामीलाई जानकारी दिनु हुँदैन।

- हामीले तपाईंलाई निश्चित जानकारीको बारेमा सूचित गर्न आवश्यक छ जसले एक प्रतिकूल निर्णय निम्त्याउन सक्छ र तपाईंलाई त्यस जानकारीमा प्रतिक्रिया दिन वा जवाफ दिन तपाईंलाई मौका दिनुपर्ने हुन्छ।
- यदि हामी तपाईंलाई कुनै समय अवधिभित्र जानकारी प्रदान गर्न वा टिप्पणी गर्न वा जानकारीको जवाफ दिनको लागि आमन्त्रित गर्दछौं भने तपाईंले यसको पालना गर्नुपर्दछ वा तपाईंले सुनुवाइको अधिकार गुमाउनुपर्ने हुन्छ।
- विशेष परिस्थितिबाहेक, हामीले तपाईंलाई सुनुवाइमा आमन्त्रित गर्न आवश्यक हुन्छ। तपाईंले हामीबाट अन्य व्यक्तिबाट प्रमाण लिन अनुरोध गर्न सक्नुहुनेछ र तपाईंको प्रतिनिधि र/वा साथी वा सहायता व्यक्तिले तपाईंसँग आउन सक्नुहुनेछ। यदि आवश्यक छ भने हामी एक दोभाषे प्रदान गर्नेछौँ।

## समीक्षाको समयमा के हुन्छ?

समीक्षा प्रक्रिया हरेक मुद्दामा फरक हुन्छ। सामान्य मुद्दाले यी चरणहरूको पालना गर्न सक्दछः

- हामी तपाईंलाई आवेदन पत्र प्राप्त भएको यकिन गर्न एक प्राप्ति पत्र पठाउनेछौं। हामी तपाईंको आवेदनको बारेमा विभागलाई सूचित गर्नेछौं र विभागलाई तपाईंको मुद्दाको बारेमा सबै सम्बन्धित कागजातहरू हामीलाई प्रदान गर्न अनुरोध गर्दछौं।
- मुद्दाको समीक्षा गर्ने एक सदस्य (जसलाई 'मेम्बर' भनिन्छ) चयन गरिन्छ।
- सो सदस्यले कागजातको समीक्षा गर्दछ।
- हामी तपाईंलाई एक सुनुवाइमा उपस्थित हुन, र/वा जानकारी प्रदान गर्न वा जानकारीमा टिप्पणी गर्न वा जवाफ दिन आमन्त्रित गर्दछौं।
- केही मुद्दाहरूमा, सो सदस्यले सुनुवाइको अन्त्यमा निर्णयको घोषणा गर्न सक्दछन्। सो सदस्यले तपाईंलाई मौखिक निर्णयको लागि लिखित कारणहरू पठाउने निर्णय गर्न सक्दछ, जुन अवस्थामा तपाईंलाई सुनुवाइपछि १४ दिनभित्रमा निर्णयका कारणहरू पठाइनेछ। वैकल्पिक रूपमा, सो सदस्यले निर्णय घोषणा गर्न र सुनुवाइमा निर्णयका लागि कारणहरूको मौखिक बयान दिन सक्छन्। यदि त्यस्तो हुन्छ भने, तपाईं सुनुवाईको १४ दिनभित्रमा तपाईंलाई सुनुवाइमा भनिएको निर्णय र कारणहरूको लिखित प्रतिलिपि प्रदान गर्नका लागि हामीलाई लिखित अनुरोध गर्न सक्नुहुनेछ।
- यद्यपि प्रायः मुद्दाहरूमा सुनुवाइको अन्त्यमा निर्णय लिइने छैन र जब उक्त सदस्यले निर्णय लिन्छ, हामी तपाईं र विभागलाई निर्णय र कारणहरूको लिखित बयान पठाउनेछौं।

प्रत्येक मुद्दा फरक हुने भएकोले यो भन्न गाह्रो छ कि तपाईंको मुद्दामा निर्णय लिन हामीलाई कति लामो समय लाग्छ। हामी AAT का अध्यक्षले जारी गरेको कानून र नीति निर्देशनअनुसार निश्चित मुद्दाहरूलाई प्राथमिकता दिन्छौं, जस्तै, आप्रवास हिरासतमा रहेका व्यक्तिहरूसम्बन्धी मुद्दा।

हाम्रो वेबसाइटमा आवेदन प्रकृयाको अवधिको बारेमा जानकारी छ जसले तपाईंलाई हालको प्राथमिकता सूची र अनुमानित प्रकृया गर्ने समय अवधि प्रदान गर्न सक्दछ।

हामीलाई प्रदान गरिएका जनाकारीहरू सुनुवाइको समयमा सार्वजनिक हुन सक्छ। सुनुवाइ सामान्यतया जनताको लागि खुला हुन्छ। यदि हामी तपाईंको मुद्दामा हाम्रो निर्णयका कारणहरूको लिखित बयान तयार गर्दछौं भने यसलाई पनि सार्वजनिक गरिनेछ र AustLII वेबसाइटमा (www.austlii.edu.au) प्रकाशित गर्न सकिन्छ। हामीले प्रकाशित गर्ने निर्णयहरूको बारेमा अधिक जानकारीको लागि, हाम्रो वेबसाइटमा निर्णय नीतिहरूको प्रकाशन (Publication of Decisions Policy) हेर्नुहोस्।

## के तपाईंलाई थप जानकारी चाहिन्छ?

थप जानकारीको लागि, कृपया हामीलाई सम्पर्क गर्नुहोस् (सम्पर्क विवरणहरूको लागि तल हेर्नुहोस्)। हाम्रा कार्मचारीले हाम्रा प्रक्रियाहरूका बारेमा तपाईंलाई जानकारी दिन सक्छ, तर तिनीहरूले कुनै विशेष मुद्दामा सफलताको सम्भावनाको बारेमा तपाईंलाई सल्लाह दिन सक्दैनन्।

सबै आवेदकहरूले यहाँ ईमेलमार्फत हामीलाई सम्पर्क गर्न सक्दछन्: mrdivision@aat.gov.au। वैकल्पिक रूपमा, आवेदकहरूले हाम्रो राष्ट्रिय टेलिफोन सोधपुछ नम्बर 1800 228 333 मा टेलिफोन गर्न सक्दछन्। स्थानीय र मोबाइल फोनको शुल्क लाग्नेछ। कान नसुन्ने वा श्रवण वा बोलीमा समस्या भएका व्यक्तिको लागि www.relayservice.gov.au मा टेलिफोन मार्फत समाधान राष्ट्रिय रिले सेवा (National Relay Service) उपलब्ध छ।

यदि तपाईंलाई दोभाषेको आवश्यक छ भने अनुवाद र दोभाषे सेवा (TIS) ले सहायता प्रदान गर्न सक्दछ। TIS लाई अष्ट्रेलियामा कहींबाट पनि 131 450 मा सम्पर्क गर्न सकिन्छ।

## यदि मैले टिप्पणी गर्न वा गुनासो गर्न चाहेमा के हुन्छ?

तपाईंको अनुभवको बारे तपाईंलाई के मन पर्यो वा हामीले के सुधार गर्न सकिन्छ भन्ने बारेमा बताएर तपाईंले हामीलाई मद्दत गर्न सक्नुहुनेछ। यदि तपाईं हामीलाई प्रतिक्रिया दिन चाहनुहुन्छ भने तपाईंले  आफ्नो मुद्दा सम्हाल्ने अधिकारीलाई भन्न सक्नुहुन्छ। वैकल्पिक रूपमा तपाईं हाम्रो वेबसाइटमा  हामीलाई सम्पर्क गर्नुहोस् (Contact us) पृष्ठमा उपलब्ध अनलाइन प्रतिक्रिया फाराम भर्न सक्नुहुन्छ , वा GPO Box 9955, Sydney NSW 2001 मा हामीलाई 'गोप्य' (‘confidential’) जनाएर लिखित उजूरी पठाउन सक्नुहुन्छ।

## दाखिला विधि

### अनलाइन

समीक्षाको लागि  http://www.aat.gov.au/apply-online मा गएर अनलाइन आवेदन दाखिला गर्न सकिन्छ।

यदि लागू भएमा, दाखिलाको समयमा अनलाइन दर्ता गर्दा पूर्ण शुल्क तिर्नुपर्नेछ।

### हुलाक वा फ्याक्सद्वारा

Administrative Appeals Tribunal
GPO Box 9955, Sydney NSW 2001
फ्याक्स: (02) 9276 5599

Administrative Appeals Tribunal
GPO Box 9955, Melbourne VIC 3001
फ्याक्स: (03) 9454 6999

Administrative Appeals Tribunal
GPO Box 9955, Brisbane QLD 4001
फ्याक्स: (07) 3052 3069

Administrative Appeals Tribunal
GPO Box 9955, Adelaide SA 5001
फ्याक्स: (08) 8128 8099

Administrative Appeals Tribunal
GPO Box 9955, Perth WA 6848
फ्याक्स: (08) 6222 7299

## व्यक्तिगत रूपमा

**सिड्नी (Sydney)**
Level 6
83 Clarence Street
Sydney NSW 2000

**मेलबर्न (Melbourne)**
Level 4
15 William Street
Melbourne VIC 3000

**ब्रिस्बेन (Brisbane)**
Level 6
296 Ann Street
Brisbane QLD 4000

**पर्थ (Perth)**
Level 13
111 St Georges Terrace
Perth WA 6000

**एडिलेड (Adelaide)**
Level 2
1 King William Street
Adelaide SA 5000

## सम्पर्क

| | |
|---|---|
| वेबसाइट | www.aat.gov.au |
| ईमेल | mrdivision@aat.gov.au |
| राष्ट्रिय टेलिफोन सोधपुछ नम्बर | 1800 228 333 |
| राष्ट्रिय रिले सेवा | www.relayservice.gov.au |